# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) विराटनगर, नेपाल, माघ ०६ गते, २०८० साल (अतिरिक्ताङ्क २७

## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## प्रदेश आयोजना बैंक व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०



**प्रस्तावना :** प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेश सरकारले यो कार्यविधि जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "प्रदेश आयोजना बैंक व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८० को दफा ७ मा संशोधन:** प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८० को दफा ७ को उपदफा (२) पछि देहायको उपदफा (३) थप गरिएको छ :-

"(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि आर्थिक वर्ष २०८०/०८१ को लागि आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा आयोजना प्रविष्टि गर्ने कार्य २०८० माघ मसान्तभित्र गरिसक्नु पर्नेछ ।"

स्वीकृत मितिः- २०८०/१०/०६

आज्ञाले,
बद्री कुमार कार्की
प्रदेश सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
website:- moial.koshi.gov.np